# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश,नेपाल

प.सं. २०८१।०८२
च.नं.

मिति : २०८१।०४।०१

विषय: विद्यालयहरुको लेखापरीक्षणको लागि निवेदन दिने सम्वन्धमा सूचना ।

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) को (ज) को उपदफा (२१) मा विद्यालयहरुको व्यवस्थापन तथा आय व्ययको लेखा तथा अनुशासन सम्वन्धी कार्य स्थानीय तहको अधिकार क्षेत्र भित्र भएको हुँदा विद्यालयहरुको लेखा परीक्षण सम्वन्धी कार्य स्थानीय तहबाटै गराउने व्यवस्था भएअनुसार यस नगरपालिका भित्रका सामुदायिक र धार्मिक विद्यालयहरुको आ.व. २०८०।०८१ र गत भन्दा पछिल्लो बाँकि रहेको लेखापरीक्षण कार्यका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) को स्वीकृत मापदण्ड र शिक्षा नियमावली २०५९ को नियम २५(१) को ढ(१) र नियमावली २६ को (१) को ञ वमोजिम लेखा परीक्षक नियुक्ति गर्नुपर्ने भएकोले ईच्छुक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) मा आवद्ध भएका लेखापरीक्षकहरुबाट सुचीकृत भएका लेखा परीक्षकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा तपसिलका कागजातहरु संलग्न राखी निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको कागजात पुरा नभएमा उक्त निवेदन उपर कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१. पेश गर्नुपर्ने कागजातहरु:

(क) पेशागत दर्ता प्रमाण पत्र वा लेखा व्यवसायी संस्था (फर्म) दर्ता प्रमाण पत्र थान १ ।

(ख) पेशागत दर्ता प्रमाणपत्र वा लेखा व्यवसायी फर्म प्रमाण पत्रको आ.व. २०८१।०८२ को लागि नविकरण पत्र थान १ ।

(ग) आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाण पत्रथान १ ।

(घ) स्थायी लेखानम्बर (PAN) प्रमाण पत्रथान १ ।

(ङ) निवेदनमा रु.१० को हुलाक टिकट अनिवार्य टाँस्नु पर्नेछ ।

२. प्राप्त निवेदन उपर कारवाही गरी लेखा परीक्षकमा नियुक्त गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयको हुनेछ ।

२०८१।४।१

कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क: नगर प्रमुख९८४४०१८३८, उपप्रमुख ९८८२५९८१३५ प्रमुख प्रशासकीय अधिकृत ९८५४०८२१११
email: sabailamun@gmail.com, web: www.sabailamun.gov.np